"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

राजश्व प्र.शाखा ०७३।०७४

## प्रथम पटक प्रकाशित मिति : २०७४।०२।०७

## शिलबन्दि वोलपत्र आह्वानको सूचना

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावलि, २०६४ को नियम १६७ मा व्यवस्था भए अनुसार यस नगरपालिकाले उठाउन पाउने आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व.०७४।०७५ वर्ष १ (एक) तथा विज्ञापन कर बर्ष ३ (तिन) का लागि नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिसमा मिति २०७३।०९।१८ गते बसेको २३ औं नगर परिषदले निर्धारण गरे बमोजिम ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक स्वदेशी तथा विदेशी व्यक्ति, फर्म वा संस्थाले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइएको छ ।

**ठेक्काको विवरण**

| ठे.नं | विवरण | न्यूनतम ठेक्का अंक रु. (वार्षिक) | वोलपत्र फाराम दस्तुर | वोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | वोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय | वोलपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | चौपाया (पशु) हाट बजार सेवा शुल्क | १५,२७,१०५।०० | १,०००।- | ३० औं दिन सम्म २०७४।०३।०५ गते कार्यालय समयसम्म | ३१ औं दिन २०७४।०३।०६ गते १.०० बजेसम्म | ३१ औं दिन २०७४।०३।०६ गते २.३० बजे पछि |
| २ | दैनिक अस्थायी हाट बजार सेवा शुल्क | १४,६५,७०५।०० | १,०००।- | | | |
| ३ | पटके सवारी कर तथा भद्रपुर ५ स्थित बसपार्क अन्तर्गत सवारी पार्किङ्ग शुल्क समेत | ११,००,०००।०० | १,०००।- | | | |
| ४ | भद्रपुर ८ स्थित अतिथी गृहतर्फ जाने बाटो | ३,००,५००।०० | ३००।०० | | | |
| ५ | जलकर | ६,०००।०० | ३००।०० | | | |
| ६ | विज्ञापन कर | १,००,०००।०० | ३००।०० | | | |

नोट : १) दैनिक अस्थायी हाट बजार सेवा शुल्क सम्बन्धमा : हालको भद्रपुर ६ मा सातामा २ (दुई) पटक , भद्रपुर ८ सागरमाथा चौकमा साताको १ (एक) पटक, तथा भद्रपुर १० चन्द्रगढी वजारमा सातामा २(दुई) पटक लाग्ने साप्ताहिक हाट समेत साविक पृथ्वीनगर गा.वि.स. वाहेक सम्पुर्ण क्षेत्र ।

E:\tax department\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७४।७५.doc

प्रशासकीय अधिकृत
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा

२) पटके सवारी कर सम्वन्धमा : न.पा. क्षेत्र बाहिरबाट न.पा. क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधन सँग प्रत्येक पटक १ (एक) नाकामा पटके सवारी कर असुल गरे पश्चात सोहि दिन सोही सवारी साधन न.पा क्षेत्र बाहिर नगए सम्म पुनः सोही नाका लगायत अर्को नाकाबाट सवारी कर असुल गर्न पाइने छैन । सवारी आवत जावत गर्दा १ (एक) पटक मानिनेछ । साथै राजमार्ग तथा सहायक राजमार्गमा पटके सवारी कर लगाउन पाईने छैन ।

३) सवारी पार्किङ्ग शुल्क सम्वन्धमा : सवारी साधनहरु ३ (तीन) घण्टाका लागि मात्र पार्किङ्ग गर्न सकिनेछ । त्यसपछि प्रति ३ घण्टाको ५०% थप शुल्क लाग्नेछ ।

४) विज्ञापन कर को ठेक्का अवधि ३ (तिन) बर्षको हुनेछ र प्रत्येक वर्ष १०% ले बृद्धि हुनेछ ।

## शर्तहरु :

१) बोलपत्र/दरभाउपत्र फाराममा उल्लेखित कबोल ठेक्का अंकको स्वदेशी नागरिक भए ५% तथा गैर नेपाली नागरिक भए १०% धरौटी रकम यस कार्यालयको नाउँमा खुलेको रा.वा.बैंक भद्रपुर स्थित च.हि.नं.२२१०३०३००७१०३ (ग-३) धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउपत्रसाथ संलग्न राखी पेश गर्नु पर्नेछ । बैंक ग्यारेण्टीलाई मान्यता दिइने छैन । धरौटी रकम प्रत्येक ठेक्काका लागि छुट्टा छुट्टै रुपमा समावेश गर्नु पर्नेछ

२) कुनै पनि व्यक्ति, फर्म वा संस्थाले दरभाउपत्र फाराम खरिद गर्नु अघि आन्तरिक राजश्व कार्यालय, भद्रपुरमा पान दर्ता गराएको प्रमाण पत्र कार्यालयमा निवेदन साथ पेश गरे पश्चात मात्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

३) बोलपत्र /दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४) बोलपत्र / दरभाउपत्र खोल्ने काम समाप्त भएपछि बोलपत्र / दरभाउपत्र कबोल गर्ने पहिलो, दोश्रो र तेस्रो तीन जनाले राखेको धरौटी रोक्का राखि अरुको हकमा फिर्ता दिने र दरभाउपत्र स्वीकृत भैसकेपछि बोलपत्र / बोलपत्र पत्र कबोल गर्ने पहिलो व्यक्तिको नाममा कबुलियत गर्न ७ (सात) दिने सूचना यस न.पा.बाट पठाईनेछ । सो सुचना बुझि लिएको वा निजको घर दैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्रमा उपस्थित भै ठेक्का सम्झौता गर्न नआएमा वा आए पनि ठेक्का सम्झौता गर्न मञ्जुर नगरेमा निजले राखेको धरौटी जफत गरि सो पछिको दोस्रो, तेस्रो बोलपत्र / दरभाउपत्र कबोल गर्ने व्यक्तिलाई निजहरुको दरभाउपत्र अंक उपयुक्त ठहरेमा न.पा.ले क्रमशः नियमानुसार ठेक्का बस्तोबस्त गर्न सक्नेछ । निजहरुले पनि सूचना म्याद भित्र उपस्थित नभएमा वा उपस्थित भै सम्झौता गर्न मञ्जुर नगरेमा निजहरुले राखेको धरौटी जफत गरि कार्यालयबाट अर्को वैकल्पिक व्यवस्था अपनाई पुनः ठेक्का बन्दोवस्त गर्न सकिनेछ ।

५) गनी महसुल वापत एकमुष्ट रकम नगदै कार्यालयमा दाखिला गरेमा स्वीकृत ठेक्का अंक रकममा १०% प्रतिशत सम्मको रकम छुट दिन सकिनेछ । सो छुट सुविधा यसै सूचनाको सि.न. ४ मा उल्लेख भए बमोजिम न.पा.का.ले तोकि दिएको ठेक्का सम्झौता गर्ने समय, म्याद भित्र एक मुष्ठ



कार्यालय प्रमुख : ०२३-५२०७८१, कार्यालय ५२०१४८, ५२००५५ Fax : 00977-23-520781

राजस्व प्र.शाखा ०७३।०७४

रकम नगदै कार्यालयमा दाखिला गरि ठेक्का सम्झौता गरेमा मात्र दिइनेछ । किस्ताबन्दी रुपमा रकम बुझाउनेको हकमा ठेकेदार आफुले कबोल गरेको कुल ठेक्का अंक रकमलाई १२ (बाह्र) किस्तामा बुझाउनु पर्नेछ । न.पा.ले तोके अनुसार प्रत्येक चालु महिनाको किस्ता महिना समाप्त पश्चात अर्को महिनाकको १ (एक) गते भित्र दाखिला गर्नु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन बुझाउनु पर्नेछ । सो म्याद भित्र उल्लेखित किस्ता रकम यस न.पा.कार्यालयमा दाखिला हुन नआएमा वा नगरेमा सो म्याद पश्चात जुनसुकै समयमा जे जस्तो अवस्थामा भए पनि यस कार्यालयमा राखेको धरौटी नियमानुसार जफत गरि ठेक्का तोडी न.पा.ले आफ्नो नियन्त्रणमा लिई अर्को वैकल्पिक व्यवस्था मिलाउन सक्नेछ । न.पा.का.बाट ठेक्का लगाएको वा अमानतबाट असुल गरेको रकम ठेक्का तोडिएको ठेकेदारको रकम सँग जोडदा नपुग हुन आउने रमक ठेक्का तोडिएको ठेकेदारले राखेको धितो धनजमानि बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) बाट असुल उपर गरिनेछ । साथै ठेकेदारले राखेको उक्त धितो धन जमानि बैंक ग्यारेण्टी ( परफरमेन्स बण्ड) बाट समेत नपुग भएमा ठेक्का तोडिएको ठेकेदारको घरघरानाबाट समेत असुल उपर गरिनेछ । विज्ञापन करको हकमा ३ (तिन) वर्षको बार्षिक रुपमा ३ किस्ता कायम गरिनेछ । टेण्टर दाखिला गर्दा १ (एक) वर्षको अंक रकम धरौटी राख्नु पर्छ । पहिलो किस्ता सम्झौता गर्दा दोश्रो किस्ता चालु आ.व. असोज मसान्त सम्म र अन्तिम किस्ता वापत राखेको धरौटी हि.मि. हुने छ ।

६) ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउने हकमा १.५% आयकर समेत सम्पुर्ण रकम दाखिला गरि सकेपछि र किस्ता बन्दी बुझाउनेको हकमा नेपाली नागरिक भए कुल ठेक्का अंकको ५% थप नगद धरौटी र गैह्र नेपाली नागरिक भए १०% थप नगद धरौटी रकम र कुल ठेक्का अंक रकमको १२ (बाह्र) भागको एक भागले हुने रकम नगद (१२ औं किस्ता वापत ) अग्रिम रुपमा कार्यालयमा धरौटी जम्मा गरी जम्मा भएको कुल धरौटी रकम स्वीकृत ठेक्का अंक रकममा घटाउदा नपुग हुन आउने रकम बराबर यस कार्यालयको नाउँमा खिचिएको मिति २०७४ श्रावण १५ गते सम्मको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पत्र यस कार्यालयमा दाखिला गरी ठेक्का सम्झौता गर्नु पर्नेछ । कार्यालयले दिएको समयसम्म बैंक ग्यारेन्टी सहित सम्झौता गर्न नआएमा शर्त नं. ४ अनुसार क्रमशः दोस्रो र तेस्रो बबोल अंकलाई उपयुक्त ठहरेमा ठेक्का सम्झौताका लागी आमन्त्रण गर्न सकिनेछ ।

७) नेपाल सरकार वा नगरपालिकाले समय समयमा दिइएका नीति निर्देशन वा आदेशहरुको अक्षरशः पालना ठेकेदारले गर्नु पर्नेछ ।

८) कर, दस्तुर, शुल्क उठाउन प्रयोग हुने रसिदहरु छुट्टा छुट्टै ठेक्काका लागि अलग अलग रुपमा २ (दुइ) प्रति भएको रसिद ठेकेदार आफैले आफ्नै खर्चबाट छपाई सोमा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सोको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । यदि सो प्रकृया पुरा नगरी प्रयोगमा ल्याइएको रसिद फेला परेमा न.पा.द्वारा नियमानुसार जरिवाना गर्न सकिनेछ ।

९) ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिती सृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

E:\tax department\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७४।७५.doc

कार्यकारी अधिकृत
नगरपालिका कार्यालय

राजस्व प्र.शाखा ०७३।०७४

१०  ठेक्का अवधी भुक्तान भैसकेपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ताको पत्र पेश भए पछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

११  दरभाउपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, नं. र दरभाउपत्रदाताको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

१२  ठेक्का अवधी २०७४ श्रावण १ गतेदेखि २०७५ आषाढ मसान्त सम्म १ (एक) वर्षको हुनेछ ।

१३  कर, दस्तुर, शुल्क उठाउन पाउने कर दरबन्दीको विवरण तथा दर रेट दरभाउपत्र फारामसाथ प्राप्त हुनेछ ।

१४  दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन बिदा पर्न गएमा उक्त कार्य सोको भोलीपल्ट हुनेछ ।

१५  नगरपालिकाले तोकेको कर संकलन केन्द्र बाहेक अन्य ठाउँमा कर संकलन गर्न पाइने छैन ।

१६  ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१७  शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र माथि कार्वाही हुने छैन । कुनै चिठी, तार, टेलीफोन, फ्याक्स, इन्टरनेट आदि सञ्चार माध्यमबाट प्राप्त दरभाउपत्रलाई मान्यता दिइने छैन ।

१८  ठेक्का कबोल गर्ने व्यक्तिले नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर, मूल्य अभिवृद्धि कर वा स्थानीय निकायलाई प्रचलित ऐन कानून बमोजिम बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले आफ्नै खर्चबाट बेहोर्ने गरी सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

१९  ठेक्का संचालन गर्दा आवश्यक पर्ने कर्मचारी, रसिद, बिजुली, टेलिफोन आदिको व्यवस्था ठेकेदार आफैले गर्नु पर्नेछ ।

२०  असुल गर्न पाउने कर तथा सेवा शुल्कका दरहरु न.पा.का.बाट बोलपत्र / दरभाउपत्र खरिद बिक्री गर्दा बखत बोलपत्र / दरभाउपत्र साँथ संलग्न राखी वितरण गरिने छ । नगरपालिका कार्यालयले तोकी दिए भन्दा बढी कर दस्तुर उठाएमा वा तोकिएका भन्दा बाहेकका वस्तुहरुमा कर दस्तुर उठाएमा नगरपालिकाले त्यसरी उठाएको कर दस्तुर ठेकेदारबाट फिर्ता गर्न लगाई निजलाई कार्यालयको निर्णयानुसार जरिवाना लगाइने छ ।

२१  ठेकेदारले असुल गर्ने सेवा शुल्कको  दर रेट सूची सर्वसाधारणले देख्ने गरी अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२२  माथिका ठेक्का संचालन गर्दा ठेक्का अवधि भित्र लामो समय सम्म कुनै प्रकारको हडताल, थुनछेक, कुटपिट वा अन्य कुनै कारणबाट कर तथा सेवा शुल्क संकलन गर्न नसकि बाधा पुग्न गई ठेकेदारले बन्द, हडताल, अवधिको रकम मिनाह माग गरेमा न.पा. बाट कुनै



कार्यकारी अधिकृत

कार्यालय प्रमुख : ०२३-५२०७८१, कार्यालय ५२०१४८, ५२००५५ Fax : 00977-23-520781

राजस्व प्र.शाखा ०७३।०७४

सुनवाई नहुने बन्दका कारण भएको सम्पुर्ण हानी नोक्शानी ठेकेदार स्वंयले आफ्नै खर्च घरघरानाबाट बहोर्नु पर्नेछ ।

२३. ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले नगरपालिकालाई कुनै पनि पेशिक, बाकि बक्यौता , कर दस्तुर तिर्न बुझाउन बाकि भई वक्यौता देखिएमा त्यस्तो ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले पेश गरेको बोलपत्र स्वीकृत गरिने छैन ।

२४. माथि उल्लेखित शर्तहरु बाहेक अन्यको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ ।

२५. यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन वा यस नगरपालिकाको Website www.bhadrapurmun.gov.np बाट download गरि पढन र हेर्न सकिनेछ ।साथै के कति असुल गर्न पाउने कर तथा सेवा शुल्कका दरहरु बोलपत्र / दरभाउपत्र साथ संलग्न राखिएको हुदा नगरपालिका कार्यालयमा उपस्थित भई वा Website बाट download गरि तोकिएको मिति, समय र स्थानमा तोकिए बमोजिमको बोलपत्र फारम दस्तुर तिरी खरिद तथा दाखिला गर्न सकिनेछ ।

..............
(कार्यकारी अधिकृत)

कार्यकारी अधिकृत
भद्रपुर नगरपालिका कार्यालय
भद्रपुर, झापा

E:\tax department\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७४।७५.doc